Prāgyik Prabāha Vol. 13, No.1.pp.147-157, December, 2025; Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Palpa, **DOI: https://doi.org/10.3126/pp.v13i1.94809**

# रिक्सा तान्ने कथामा सामाजिक संरचनाको समानधर्मिता

*अनुपमा रेग्मी*
regmianupama@gmail.com
*पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ*

***Article History:*** *Received 18 March 2025; Reviewed 10 June 2025; Revised 18 September 2025; Accepted 28 November 2025*

**लेखसार**

*प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाले लेखेको 'रिक्सा तान्ने' कथाभित्र भएको समाजिक संरचनाको अध्ययनमा केन्द्रित छ । यस लेखमा त्यस सामाजिक संरचनासित कृतिलेखनको युगको सामाजिक संरचनाको समानधर्मिताको स्थितिबारे अध्ययन गरिएको छ । कथामा सामाजिक संरचनालाई प्रस्तुत गर्ने अंशको छनोट गरी व्याख्याविश्लेषण गरिएका कारण प्रस्तुत लेख गुणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ । लेखमा पाठ विश्लेषण विधिअन्तर्गतको विषयवस्तु विश्लेषण विधिको प्रयोग गरी सामाजिक संरचनाको समानधर्मी अवस्थालाई प्रस्तुत गर्ने सन्दर्भको खोजी एवं विश्लेषण गरिएको छ । कथामा प्रस्तुत समानधर्मी सामाजिक संरचनाको अध्ययनका लागि कृतिविश्लेषणको सैद्धान्तिक आधार उल्लेख गरिएको छ साथै महान् लेखकका कृतिमा लेखक बाँचेको युग र समाजको समानधर्मी सामाजिक संरचना प्रस्तुत हुने अवधारणा उल्लेख गरिएको छ । यसै अवधारणाअनुरूप कथाको वर्गीय, आर्थिक र लैङ्गिक संरचनाको अध्ययन गरी त्यसमा वर्गीय विभेदयुक्त सामाजिक संरचनाका माध्यमबाट निर्मित विश्वदृष्टिमा बाहिरी समाजको संरचनामा समानधर्मिता रहेको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : उच्चवर्ग, निम्नवर्ग, विश्वदृष्टि, संरचनागत समानधर्मिता, सीमान्तकृत

## विषयपरिचय

रिक्सा तान्ने' कथा *दोषी चस्मा* कथासङ्ग्रहमा सङ्गृहीत छ । विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली आख्यान साहित्यका विशिष्ट प्रतिभा हुन् । उनको कथालेखनको अवधि १९८७ देखि २०२० सम्म देखिन्छ । उनले जीवनकालभरिमा नेपाली भाषामा २६ वटा कथा लेखेका छन् । कथामा यौनमनोविज्ञानको प्रयोग गर्नु, चेतन र अचेतनबीचको द्वन्द्व देखाई पात्रका मानसिक अवस्थाको चित्रण गर्नु र कथाका माध्यमबाट तत्कालीन समाजको विश्वदृष्टिलाई प्रस्तुत गर्नु उनका कथात्मक प्रवृत्ति हुन् । उनले कथामा उच्च, मध्यम र निम्न तीनैखाले वर्गयुक्त सामाजिक संरचनाको प्रयोग गरेको पाइन्छ । उनले तत्कालीन समयसापेक्ष सामाजिक संरचना र पात्रव्यवहारलाई देखाएका छन् । उनको कथालेखन यात्राको दोस्रो चरणको अन्त्यतिर र तेस्रो चरणमा लेखिएका कथामा वैचारिक सघनता पाइन्छ । उनका कथा राजनैतिक र वैचारिक दुवै दृष्टिले सबल छन् । त्यसका लागि कथालेखनको युगमा प्रचलित समाजको संरचना सिर्जना गरेका कारण उनका कथाहरू सामाजिक संरचनामा समानधर्मिताको आधारमा अध्ययनीय छन् । यसर्थ, उनको 'रिक्सा तान्ने' कथामा प्रयुक्त सामाजिक संरचनाको समानधर्मिता पनि अध्ययनीय देखिन्छ ।

'रिक्सा तान्ने' कथामा कोइरालाले कथा लेखिँदाको समयको नेपाली समाजलाई समानधर्मी सामाजिक संरचनालाई प्रस्तुत गरेका छन् । सामाजिक संरचनामा समानधर्मिता साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने सिद्धान्तमध्ये विश्वदृष्टिसम्बन्धी धारणासित सम्बन्धित छ । साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने समालोचना सिद्धान्तमध्ये विश्वदृष्टिको सिद्धान्तका प्रतिपादक लुसिएन गोल्डम्यान हुन् । उनले महान् साहित्यकारका कृतिमा ऊ बाँचेको समाजले बहन गरेको सामूहिक विचारबाट उत्पन्न विश्वदृष्टिको प्रस्तुति पाइने कुरा उल्लेख गरेका छन् । यसका लागि लेखकले कृतिमा आफू बाँचेको वर्ग र समाजअनुरूप सामाजिक संरचनाको सिर्जना गरेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । "गोल्डम्यानका अनुसार कुनै वर्गको विश्वदृष्टि संरचनाहरूसित कृतिको भित्र रचित संसारका संरचनाहरूको समानधर्मिता हुन्छ । महान् रचनाहरूमा यो समानधर्मिता सबभन्दा बढी हुन्छ । जुन रचनामा समानधर्मिता बढीभन्दा बढी सुसङ्गत रूपमा प्रकट हुन्छ, त्यही रचना महान् हुन्छ" ( मेनेजर पाण्डेय, सन् २०१६, पृ. १६८) । यसबाट विश्वदृष्टि कला, दर्शन र साहित्यमा खोज्न सकिने अवधारणा प्राप्त भएको छ । लेखकको कलमबाट कृतिमा प्रस्तुत हुने भए पनि त्यस विश्वदृष्टिले निश्चित कालखण्डमा निर्मित निश्चित वर्गको विश्वदृष्टिको प्रतिनिधित्व गर्दछ । उनले कृतिमा लेखक बाँचेको समाज र ऐतिहासिकताअनुसार निर्मित विश्वदृष्टि प्रस्तुत भए पनि त्यो लेखकको विचार वा वैचारिकता नहुने बताएका छन् । व्यक्तिको चेतना वा विचारमा प्रायः सङ्गति र एकान्विति नहुने भएका कारण व्यक्तिविचार विश्वदृष्टिको वास्तविक रूप नभएको, कुनै समूह या वर्गले सामाजिक ऐतिहासिक प्रक्रियामा त्यसको विकास गर्ने उनको मान्यता रहेको छ । प्रस्तुत लेखमा 'रिक्सा तान्ने' कथामा रचित वर्गीय, आर्थिक र लैङ्गिक सामाजिक संरचनाको अध्ययन गरेर त्यससित तत्कालीन समाजको विश्वदृष्टिको समानधर्मिताबारे अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

'रिक्सा तान्ने' कथामा उच्चवर्ग र निम्नवर्गका बिच ठुलो असमानता भएको समाज तथा पात्रहरूको समानधर्मी सामाजिक संरचनाको प्रयोग गरी त्यस बेलाको विश्वदृष्टिलाई कथाका माध्यमबाट प्रस्तुत गरिएको छ । यसर्थ, कथाभित्रको सामाजिक संरचनासित बाहिरी सामाजिक संरचनाको समानधर्मिताको खोजी गर्नु वाञ्छनीय देखिएकाले यस लेखमा 'रिक्सा तान्ने कथामा प्रस्तुत सामाजिक, आर्थिक र लैङ्गिक संरचना केकस्तो रहेको छ ?' र 'रिक्सा तान्ने कथाको सामाजिक संरचनामा प्रस्तुत विश्वदृष्टिमा बाहिरी समाजको समानधर्मिता कसरी प्रस्तुत गरिएको छ ?' भन्ने शोधप्रश्न निर्माण गरी त्यसको प्राज्ञिक समाधान गर्ने मूल उद्देश्य राखिएको छ । यसपूर्व मनोविश्लेषण सिद्धान्तका आधारमा, विचारको प्रस्तुतिका आधारमा यस कथाको अध्ययन भइसकेको छ तापनि सामाजिक संरचनाको समानधर्मिताको अवस्थामा केन्द्रित रही अध्ययनविश्लेषण गरिएको पाइँदैन । यसर्थ यस दृष्टिले देखिएको प्राज्ञिक रिक्तताको परिपूर्तिका निम्ति प्रस्तुत लेख तयार पारिएको हो । यस लेखमा 'रिक्सा तान्ने' कथामा प्रस्तुत सामाजिक संरचनामा रहेको विश्वदृष्टिको विश्लेषण गरी बाहिरी समाजसित त्यसको समानधर्मिताबारे अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै सामग्रीको उपयोग गरिएको छ । आवश्यक सबै सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्री विश्वेश्वरप्रसाद कोइरालाले लेखेको 'रिक्सा तान्ने' कथा हो भने सामाजिक संरचनाको समानधर्मितासम्बन्धी अवधारणा प्रस्तुत गर्ने सैद्धान्तिक कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । अध्ययनमा मूलतः विवेच्य कथामा सामाजिक संरचनालाई प्राथमिकीकरण गरिएका उद्धरणलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको पाठविश्लेषण

विधिको उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ । साहित्यिक कृतिको अध्ययन भएका कारण प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ ।

## कृतिको सामाजिक संरचनामा समानधर्मितासम्बन्धी सैद्धान्तिक आधार र कृतिविश्लेषणको ढाँचा

साहित्यमा जेजति कुरा प्रस्तुत हुन्छन् । ती अन्ततः समाजसँगै जोडिन्छन् । प्रत्येक समाजको खास संरचना हुन्छ । साहित्यमा खास सामाजिक संरचनाको प्रस्तुति भएको हुन्छ । त्यसभित्र वर्गगत, जातिगत, संस्कृतिगत, अर्थगत, सामाजिक संरचना समावेश भएका हुन्छन् । "साहित्य स्रष्टाको निजी रचना भए पनि ऊ (स्रष्टा) समाजनिरपेक्ष रहेर अनुभूति गर्दैन न ऊ एक्लो रहेर मात्र संवेदनाका क्षेत्रमा प्रवेश गर्छ" (ताराकान्त पाण्डेय, २०७३, पृ. ५) । यसर्थ, हरेक साहित्यमा सामाजिक संरचनाका कुनै न कुनै पक्ष अटाएका हुन्छन् । स्रष्टा जस्तो प्रकारको सामाजिक संरचनामा जन्मेहुर्केको, शिक्षित र दीक्षित भएको हुन्छ, सोहीअनुरूप उसका कृतिमा पनि सामाजिक संरचनाको प्रस्तुति हुन्छ । "लेखकले आफ्नो समाजको संरचना र त्यसबाट निर्मित विश्वदृष्टिलाई कृतिमा प्रस्तुत गर्ने भएकाले उसका कृतिमा प्रस्तुत बाह्य सामाजिक संरचनाको अध्ययनबाट लेखक बाँचेको समाजको सामूहिक चेतना अर्थात् आन्तरिक सामाजिक संरचना बुझ्न सकिन्छ" (खनाल, २०८२, पृ. ३४) । कृतिमा प्रस्तुत सामाजिक संरचनासित लेखक बाँचेको युगमा विकसित समाजको संरचना मिल्दोजुल्दो हुन्छ भन्ने धारणा लुसिएन गोल्डम्यानले प्रस्तुत गरेका हुन् । उनले विश्वदृष्टिसम्बन्धी सिद्धान्त प्रतिपादन गर्ने क्रममा कुनै पनि कृति लेखकका विचार र अनुभवबाट बने पनि त्यस विचार समाज र वर्गका अन्य व्यक्तिको व्यवहार र चिन्तनबाट प्रभावित हुने बताएका छन् । "कृतिभित्रको संसार र समाजमा देखिने विश्वदृष्टि र त्यसको निर्माणप्रक्रियाले बाहिरको वास्तविक संसार/समाजभित्र पाइने विश्वदृष्टि र त्यसको निर्माणप्रक्रियासँग साधर्म्य/समानधर्मिता राख्नुपर्छ" (भुसाल, २०७६, पृ. १२२) । यसर्थ, लेखकले प्रतिनिधित्व गरेको वर्ग र समाजका अन्य व्यक्तिको विचारसित जोडेर अन्तर्वैयक्तिक सम्बन्धको उपजका रूपमा साहित्यलाई बुझ्न सकिने गोल्डम्यानको धारणा रहेको छ । "यदि हामी कुनै महान् सांस्कृतिक कार्यबारे अध्ययन गर्छौं भने समाजशास्त्रीय अध्ययनले ती कृतिहरूलाई सामूहिक एकाइहरूसित सम्बन्धित पार्न आवश्यक पर्ने जोडाइहरूलाई सजिलै उजागर गर्छ किनकि सामूहिक एकाइको संरचकीयता स्पष्ट पार्न सजिलो हुन्छ" (गोल्डम्यान, सन् १९७५, पृ. १५८) । गोल्डम्यानको यस भनाइबाट महान् कृतिहरूको संरचना र सामूहिक एकाइको संरचना अन्तर्सम्बन्धित हुन्छ भन्ने स्पष्ट भएको छ । उनले व्यक्तिगत चेतना असङ्गत हुने र सामूहिक एकाइ सुसङ्गत हुने बताएका छन् । उनले सामूहिक चेतना कुनै खास वर्ग वा समूहबाट निर्मित हुने निम्नलिखित उद्धरणमा उल्लेख गरेका छन् :

> त्यस्ता सामूहिक एकाइहरू निःसन्देह अन्तर्वैयक्तिक सम्बन्धको जालोमा रहेका हुन्छन् तर व्यक्ति मनोविज्ञानको जटिलता विभिन्न समूह (पारिवारिक, पेसागत, राष्ट्रिय, साथीभाइ र परिचित, सामाजिक वर्गहरू आदि) को ठुलो सङ्ख्याले अपनाएको तथ्यबाट उत्पन्न भएका हुन्छन् । त्यस्ता प्रत्येक भिन्न भिन्न समूहले जटिल, अनुपम र सापेक्षित रूपमा असङ्गत संरचनालाई सहयोग गर्दै व्यक्तिको चेतना निर्माण गर्ने क्रियाकलाप गर्छन् । यसका विपरीत हामीले कुनै एक र उही सामाजिक समूहसित सम्बद्ध पर्याप्त र ठुलो सङ्ख्याका व्यक्तिहरूको अध्ययन गर्‍यौं भने अन्य फरक समूहका क्रियाकलाप सदस्यताकै कारण एकआपसमा काटिन्छन् र हामीले एउटा सरल र सुसङ्गत संरचना फेला पार्छौं । (गोल्डम्यान, सन् १९७५, पृ. १५८)

उल्लिखित उद्धरणअनुसार कुनै खास समूहमा रहेका व्यक्तिहरूबिचको सम्बन्ध निकै जटिल जालोका रूपमा

रहेको हुन्छ । त्यसबाट निर्मित व्यक्ति मनोविज्ञानले सामूहिकता प्राप्त गर्दै जाँदा खास विश्वदृष्टि निर्माण हुन्छ । फरक समूहका व्यक्तिको अध्ययनबाट समूहअनुसार विश्वदृष्टि फरक हुने कुरा पत्ता लगाउन सकिन्छ किनकि प्रत्येक समूहका मानिसका विचार, क्रियाकलाप, विश्वास आदि उपकरण पनि फरक हुन्छन् । यद्यपि एउटा खास समूहका मानिसको अध्ययन गर्दा तिनीहरूमा समान, सुसङ्गत संरचना भएको विश्वदृष्टि प्राप्त हुन्छ भन्ने देखिन्छ । "गोल्डम्यानको अभिप्राय यो छ कि लेखक एक्लो जीव होइन जो आफ्नै ऐकान्तिक विचारको, भावको प्रतिपादन गर्दछ । ऊ त सामाजिक अर्थात् समाजका वर्ग, ग्रुप वा समूहसित गाँसिएको हुन्छ जो प्रगतिशील वा क्रान्तिकारी हुन सक्छ वा प्रतिक्रान्तिकारी । उनका अनुसार समाजको कुनै समूह सूक्ष्म र तीक्ष्ण विचारधारा/आइडोलजी राख्दछ जसलाई विश्वदृष्टि/वर्ल्ड भ्यु भन्नु उचित हुन्छ" (गौतम, २०७५, पृ. १८४) । गोल्डम्यानका अनुसार लेखकमा हुने सामूहिक विचारधारा समाजनिर्मित मनोवैज्ञानिक संरचनाको नतिजा भएको यसबाट थाहा हुन्छ । उनले व्यक्तिविशेषको मनोवैज्ञानिक संरचना निकै जटिल यथार्थ भएको बताएका छन् । यसको विश्लेषण एउटा व्यक्ति (जो जीवित छैन भने पनि) सित सम्बद्ध विभिन्न तथ्यका समूहको सहयोगमा गर्न सकिन्छ वा एउटा लेखक जसलाई हामीले व्यक्तिगत तरिकाले चिनेका छैनौं, वा अझ घनिष्ठ मित्रता भएको कुनै व्यक्तिको सहजात ज्ञान वा अनुभवजन्य ज्ञानका आधारमा पनि गर्न सकिन्छ भनी बताएका छन् । त्यसै संरचनाको अध्ययनबाट कृतिमा रहने विश्वदृष्टि पत्ता लगाउन सकिने उनको तर्क छ । "महान् लेखक वा कलाकार स्पष्ट रूपमा असाधारण व्यक्ति हो जो साहित्यिक, चित्रात्मक, धारणात्मक, सङ्गीतात्मक आदि विषय क्षेत्रमा एउटा काल्पनिक, सुसङ्गत, वा पूर्णतः सङ्गतिपूर्ण विश्वको रचना गर्न सफल हुन्छ । त्यस रचनाको संरचना कुनै पूरै समूहको झुकाव रहेकोतिर अभिमुख हुन्छ" । (गोल्डम्यान, सन् १९७५, पृ. १६०) लेखकको महानता रचनामा सुसङ्गत संरचनाको निर्माणमा निर्भर रहन्छ । रचनाको सुसङ्गत संरचना लेखक बाँचेको समूह र युगको सामाजिक संरचनासित मिल्दोजुल्दो हुन्छ । "लेखकका विचार अनुभूतिलाई उसले आफ्नो वर्ग/समुदाय/समूह र समाजका अन्य व्यक्तिका विचार र भावसँग जोडेर प्रस्तुत गर्छ" (ताराकान्त पाण्डेय, २०७३, पृ. १८) । यसबाट कृतिको उच्चता पत्ता लगाउन अध्ययनीय कृतिका सर्जक हुर्केबढेको युगअनुसारको समाजसित रचनाभित्रको सामाजिक संरचनाको समानधर्मिताको खोजी गर्नुपर्ने मान्यता स्पष्ट भएको छ । प्रस्तुत लेखभित्र 'रिक्सा तान्ने' कथामा प्रस्तुत सामाजिक, आर्थिक र लैङ्गिक संरचनाको अध्ययनविश्लेषण गरी कृतिबाहिरको यथार्थ सामाजिक संरचनासितको समानधर्मिताको खोजी गरिएको छ ।

## रिक्सा तान्ने कथाको कथ्यसन्दर्भ

प्रस्तुत कथाको सुरुमा आफ्नो छाप्रोमा घाम उदाइन्जेलसम्म सुतिरहेको धनवीर अघिल्लो दिनदेखि भोकै रहेको देखिन्छ । ऊ दिउँसोतिर केही पाइन्छ कि भनी माग्न निस्केको अनि कुनै बाहुनकहाँ श्राद्ध भएकाले त्यहाँ उब्रेको खानेकुरा खान पाएपछि फुरौला इस्टकोटमा बाँधेर छाप्रोमा फर्केको सन्दर्भ आएको छ । त्यहाँबाट आफूले मन पराएकी धनमायाकहाँ गएको, हातमा पोको देखेपछि धनमायाले उसकहाँ आएर 'कहाँबाट ल्याएको ?' भनेर सोधेकी, धनवीरले मागेर ल्याएको कुरा बताएपछि मागेर ल्याएको नखाने भनेर धनमाया फर्केका घटना उल्लेख भएका छन् । धनमायाको व्यवहारबाट दुःखी भएको उसले क्रोधित हुँदै धमाधम आफैँ फुरौला खाएर सुते पनि क्रोधका कारण निदाउन नसकेको अवस्था कथामा उल्लिखित छ । धनवीर उठेर धनमायाको छाप्रोअगाडि पुगेका बेला धनमाया र एउटा मगर बाहिर निस्केकाले धनवीरले धनमायालाई पिट्न खोजेको तर उल्टै धनमाया र मगर दुवैले उसलाई मरणासन्न हुने गरी उसैलाई पिटेका सन्दर्भ आएका छन् । भोक र रोगले थलिएको धनवीर पिटिएपछि हिँड्नै नसक्ने भई बल्लतल्ल घिस्रिएर राती अबेला आफ्नो छाप्रोमा पुगेको दुई दिनपछि फेरि माग्न

निस्केको घटना प्रस्तुत छ । एउटा ठुलो घरको ढोकामा उभिएर खानेकुरा माग्दा उसलाई काम गर्नाको अल्छीले गर्दा माग्न हिँडेको भनेर एउटा युवकले होच्याएपछि 'काम पाए त गर्थें' भनी उसले उत्तर दिएका प्रसङ्ग अभिव्यक्त छन् । यस घटनापश्चात् त्यस घरको बुढो मान्छेले धनवीरलाई रिक्सा तान्ने काम दिएको छ । महिनाको दुई रुपियाँ तलब दिएर उसलाई बुढो मान्छेले आफ्नै घरको छिँडीको कोठामा बस्न दिएको, रिक्सा तान्दा उसको दम फुलेको, उसले स्वाँस्वाँ गरेको, बेलुका त्यस घरको नोकरले पित्तलको थालमा खाना ल्याइदिएर 'अबदेखि सधैं यसै थालमा खानू' भनेको सन्दर्भ प्रस्तुत भएका छन् । खाएपछि पराल ओछ्याएर ऊ सुतेको, उसलाई खोकी र दमले निकै गलाएको, एकदिन धनवीरले पालेको कुकुर 'माथि गयो' भनेर मालिकले उसलाई गाली गरेको घटना प्रस्तुत गरिएको छ ।

उल्लिखित घटनापश्चात् केही दिनपछि टोलका केही केटाहरूले उसलाई घोडा भनेर जिस्क्याएका, उसले रिसाएर एउटा केटालाई एकदुई लपटा लगाएको अनि केटाले उसको मालिकलाई कुरा लाइदिएपछि धनेले गाली पाएको प्रसङ्ग व्यक्त भएका छन् । ऊ निर्दोष भए पनि उसका कुरा सुन्न मालिक तयार नभएको, मालिकले उसलाई उल्टै बढी जान्ने र बाठो नहुन भनेको र बढी बाठो भए नराम्रो हुने धम्की दिएको घटनाबाट निम्नवर्गीय मानिसप्रति उच्चवर्गका दृष्टिकोण प्रस्तुत भएका छन् । त्यस दिनदेखि ती केटाहरूले उसलाई झन् जिस्क्याउन थालेका, तिनीहरूले उसलाई घोडा जसरी हिँड्न, हिनहिनाउन, घाँस चरेको भाउ लाउन लगाउँदा उसले त्यसो गरेको घटनाले पनि कथाभित्रको निम्नवर्गीय सामाजिक संरचनालाई मलजल पुऱ्याएका छन् । सकी नसकी रिक्सा तान्ने काम गर्दै जाँदा एक दिन ज्वरो आएर सुतिरहेका बेला मालिकले रिक्सा तान्ने आदेश दिएको, उसले आफू ज्वरोले थलिएको बताएपछि मालिकले काम ठग्न बाहाना बनाएको भन्दै छ महिनाको एकमुष्ट बाह्र रुपियाँ दिएर कामबाट निकालिदिएको घटना आएका छन् । आफ्नो घर जाँदा धनमायाको घरनेर पुगेपछि उसले धनमायालाई बोलाएको, धनवीर कमाउन गएको थाहा पाएकी धनमायाले माया गरेजस्तो गरी 'यतिका दिन कहाँ गएका थियौ, निकै दुब्ला भएछौ' भनेर माया देखाएको प्रसङ्ग यसपछि आएका छन् । यसपछि कथामा आफूले ल्याएको रुपियाँ धनमायाको गोडानिरै राखेर धनवीर आफ्नो भत्किसकेको छाप्रोतिर गएको, राति उसलाई लगातार खोकी लागेको, उसले रगत बान्ता गरेर चिसो भुइँमा निदाएको, राति रगत छादेकोछादै गरेर मरेको जस्ता कारुणिक घटनाबाट पनि निम्नवर्गीय सामाजिक संरचनालाई देखाइएको छ । ऊ मरेपछि कुकुर रुन थालेको, कुकुर रोएको सुनेर मानिसहरूले कुकुरलाई 'अलच्छिना' भनेको सन्दर्भबाट कथा सकिएको छ । उल्लिखित कथ्य सन्दर्भबाट विश्वेश्वरप्रसाद कोइरालाले 'रिक्सा तान्ने' कथामा गरिब र सीमान्तीकृत वर्गको सामाजिक अवस्था र तीप्रति उच्चवर्गीय मानिसको हेपाहा चरित्र भएको समाजलाई चित्रण गरेको देखिन्छ ।

## सामाजिक संरचनाको समानधर्मिताका आधारमा रिक्सा तान्ने कथाको विश्लेषण

प्रस्तुत विषयअन्तर्गत 'रिक्सा तान्ने' कथामा भएको वर्गीय, आर्थिक र लैङ्गिक संरचनाको अध्ययन विश्लेषण गरिएको छ । साथै कथाभित्र प्रस्तुत विश्वदृष्टिसित सामाजिक संरचनाको समानधर्मिताको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## रिक्सा तान्ने कथाको वर्गीय संरचना

'रिक्सा तान्ने' कथाको सामाजिक संरचनामा आर्थिक घटकको भूमिका सर्वोपरी देखिन्छ । यस कथामा वर्गीय विभेदयुक्त समाजको संरचना रहेको छ । यस कथाको प्रमुख पात्र धनवीर एउटा छाप्रोमा बस्छ । यस

दुनियामा उसको आफ्नो भन्नु एउटा कुकुर छ । कथाको सुरुमा घाम उदाएर माथि आइसक्दा पनि अघिल्लै दिनदेखि पेटमा अन्नको गेडा नपरेका कारण खाली पेटलाई थिचेर धनवीर सुतिरहेको छ । दिन धेरै गएपछि माग्न निस्केको धनवीर सोच्छ, "कुकुरको जुनी पनि मान्छेको जुनीभन्दा असल छ । एक पेटको लागि उसलाई पीर छैन" (कोइराला, २०५७, पृ.२०२) । यस कथनबाट खान नपाउने मानिस भएर जन्मेकामा समेत धिक्कार गर्ने धनवीरको अत्यन्तै दयनीय गरिबी छ भन्ने पुष्टि भएको छ । माग्न गएको धनवीरका सामुन्ने एउटा बाहुनकहाँ उब्रेको खानेकुरो सबै एउटा टपरीमा खन्याएर ल्याइदिएका छन् । यस घटनाबाट उच्च वर्गका व्यक्तिले गरिबलाई सम्मानजनक तरिकाले थरीथरीका परिकार बेग्लाबेग्लै भाँडोमा राखेर दिँदैनन्, हेपेर सबैथोक एकै ठाउँमा मिसाएर दिन्छन् भन्ने देखाएर धनवीर धनीबाट हेपिएको पुष्टि गराइएको छ । धनमाया र ऊसित आएको मगरको कुटाइमा परेको धनवीर दुई दिनसम्म ज्वरोले थलिएर सुतेको छ । उसले गरिबीका कारण उपचार गर्न पाएको छैन न त उसलाई खानेकुरा नै कसैले दिएको छ । उसले आफ्नो अवस्था चुपचाप स्वीकारेर बस्नुपरेको अवस्थाले पनि गरिबी र सीमान्तकृत अवस्थालाई नै उजागर गरेको छ । धनमायाबाट कुटिएको पर्सिपल्ट ऊ एउटा ठुलो घरमा माग्न पुगेको छ । "हेर त नकच्चरो, भुसतिघ्रे छ, मागीमागी हिँड्छ, काम गर्ने जाँगर छैन र माग्न हिँडेको !" (पृ. २०४) भन्ने एक युवकले उसको विवशता बुझेको छैन । उच्च वर्गीय व्यक्तिलाई सीमान्तीकृत वर्गका पीडा ज्ञात हुँदैनन् भन्ने यसबाट प्रस्ट भएको छ । काम पाए गर्ने इच्छा देखाएपछि उसले रिक्सा तान्ने काम पाएको छ । महिनाको दुई रुपियाँ तलबमा काम गर्न राजी भएको धनवीरले दुई दिनपछि बल्ल खान पाएको छ । मागेर पेट पाल्नुपर्ने, माग्न जाँदा पनि वचन खप्नुपर्ने, धेरै छाक खान नपाएको, रोगले थलिएको, खानेकुरा पाउनुपूर्व हेपाइ र गाली पाएको मूल पात्र धनवीरका अवस्था कथाको मूल विषय भएकाले यस कथामा उच्चवर्ग र निम्नवर्गले युक्त समाज रहेको देखिन्छ । त्यस समाजमा धनीले गरिबलाई विभिन्न तरिकाले हेप्छन् भन्ने विषयलाई देखाइएको छ ।

धनवीरलाई सुत्नका लागि रिक्सा राखेको छिँडीको कोठा दिइएको छ । ऊ पराल ओछ्याएर थोत्रो काम्लो ओढेर लामखुट्टे मार्दै सुतेको छ । जति ठुलो घर भए पनि श्रम गर्ने व्यक्तिलाई घरवालाले बस्नका लागि सुविधापूर्ण स्थान दिँदैनन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । भोलिपल्टदेखि रिक्सा तान्दा दम फुलेर लगातार खोकी लाग्ने समस्या आए पनि उसले काम छोडेको छैन । यस्तो हुँदा पनि मालिकले धनवीरप्रति सहानुभूति प्रकट गरेको छैन । उल्टै उसलाई काम गर्न नसक्ने भनेर लाञ्छना लगाएको छ । उसको कुकुर यताउता हिँडेको पनि मालिकलाई मन परेको छैन । रिक्सा तान्ने काम गर्दै जाँदा उसको खोकी र दम बढ्दै गएको छ । सीमित खाना र असीमित श्रमले ऊ रोगी बनेको अवस्थामा पनि मालिकले उसको उपचार गरिदिएको छैन । मालिकको सेवा गरेर पनि उसबाट सुरक्षा र उपचार नपाएको र उपचार नपाउँदा पनि आफ्नो मालिकसँग उपचार गरिदेऊ भन्न नसक्ने धनवीर सीमान्तीकृत पात्र हो ।

काम गरेको केही दिनपछि टोलका केटाहरूले उसलाई घोडा बन्न लगाएर घाँस खाएको, कराएको अभिनय गर्न लगाउँदा उसले "मान्छेलाई पशु बनाउने" (पृ.२०६) भन्दै एउटा केटालाई एकदुई थप्पड लगाएको छ । उसको आत्माभिमानलाई नै कुल्चने गरी पशुको स्तरमा ओरालेकाले धनवीरले केही शारीरिक प्रतिरोध गरेको छ तर त्यसले कुनै सकारात्मक नतिजा दिन सकेको छैन । बरु उल्टै उसको मालिकले ती केटालाई पिटेकामा "बडो बाठो भएको धने चोर !" (पृ. २०६) भनेर हप्काएका छन् । उसले आफू मानिस भएकाले पशु तुल्याएकामा नराम्रो लागेको कुरा गर्दा मालिकले धेरै बढ्ता भएर नबोल्न र तिनलाई हात नछोड्न भन्दै हात छोडे राम्रो नहुने भनी सङ्केतमा कामबाट निकालिदिने वा कुनै सजाय दिने फैसला सुनाएको छ । गायत्री

स्पिभाकले 'के सबाल्टर्न बोल्न सक्छन् ?' रचनामा सीमान्तीकृतहरू आफ्नो हकअधिकारका पक्षमा शोषण उत्पीडनका विरुद्ध बोल्न सक्दैनन् । उनीहरू आफ्नो स्थितिलाई नियति मानेर बस्छन् र स्थितिका बारेमा आवाज उठाउनुपर्छ भन्ने सचेतता पनि हुँदैन । उनीहरू बोलिहाले भने पनि उनीहरूको बोली अत्यन्त मसिनो हुन्छ जुन सम्बन्धित निकायसम्म पुग्न सक्दैन (सुवेदी, २०६८, XXII) भनेकी छन् । यस आधारमा हेर्दा पनि 'रिक्सा तान्ने' कथाको प्रमुख पात्र धनवीर सीमान्त पात्र हो । उसको बोली स्पिभाकले भने झैँ अत्यन्त मलिन छ र ऊ हरेक स्थिति मूक बनेर भोगिरहन विवश छ । यस घटनापछि ऊ आफूलाई जिस्क्याउने केटाहरूको मनोरञ्जनको साधन बन्न विवश भई घोडा बनेको अभिनय गर्न बाध्य भएको, आफू बिरामी हुँदा पनि चुपचाप सहेर काम गरिरहेको प्रसङ्ग आएको छ । कुनै दिन मालिकले उसलाई "*पाटे !*" (पृ. २०६) भनी बोलाएर काममा लैजान लाग्दा उसले ज्वरोका कारण रिक्सा तान्न नसक्ने बताएको छ । काम गर्न नसक्नेलाई खुवाएर राख्न नसकिने भनी मालिकले उसलाई कामबाट निकालिदिएको छ । छ महिनाको ज्याला लिएर रोगले अन्तिम अवस्थामा पुऱ्याएको शरीर लिएर ऊ आफ्नो छाप्रोतिर गएको छ । छाप्रोतिर जान लाग्दा उसले मन पराएकी धनमायालाई आफूले कमाएको रुपियाँ दिएको छ । ऊ बिरामी हुँदा र भोकै हुँदा वास्ता नगर्ने धनमायाले पैसा कमाएर आएको थाहा पाएपछि धनवीरलाई माया गरेजस्तो भाउ देखाउँछे । अन्तमा, अरूले टाटी र खम्बा उप्काएर लगिसकेको भग्नावशेष आफ्नो छाप्रोभित्र असह्य भई पछारिएको धनवीर रातभरि खोकेर रगत बान्ता गरेर मरेको छ । ऊ मरेपछि उसलाई जतिखेर पनि साथ दिने कुकुर रोएको छ । कुकुर रोएको सुनेर मानिसले अलच्छिना कुकुर भनेका छन् तर उसको मृत्युमा संवेदित हुने र ऊप्रति सहानुभूति राख्ने त्यही कुकुर मात्र बनेको छ । रोग र भोकले आक्रान्त भई मृत्यु हुँदासमेत कसैबाट वास्ता र सहानुभूति पाउन नसक्ने धनवीर समाजको अत्यन्त सीमान्तीकृत पात्र हो ।

'रिक्सा तान्ने' कथाको समग्र कथानक नै सीमान्तीकृत पात्रको अवस्थामा केन्द्रित छ । कथामा सामन्तवादी सामाजिक संरचना छ । यसमा मालिक, केटाहरू जस्ता प्रभुत्वशाली वर्गका मानिसको हेपाइ र कठोर व्यवहारका कारण धनवीरजस्ता सीमान्तकृतहरूको जीवन दुःखदायी बनेको देखाइएको छ । यस्तो सामाजिक संरचनाले केही व्यक्तिलाई गरिब र सीमान्त बनाउँछ साथै त्यस सामाजिक संरचनामा धनी र उच्च वर्गका व्यक्तिको प्रभुत्व रहन्छ भन्ने यसबाट देखाइएको छ । यस संरचनामा ठुलाबडा वा उच्च वर्गीयबाट धनवीरजस्ता गरिब हेपिने, खान नपाएर भोकभोकै बस्नुपर्ने, श्रम गर्दा पनि पेटभरि खान र बिरामी हुँदा औषधिमूलो, उपचार र हेरचाह मात्र नभई सहानुभूतिसमेत नपाउने, बिरामी भएकाले काम गर्न नसक्दा मालिकबाट गाली खाने र काम ठगेको भन्ने लाञ्छना पाउने एवं कामबाटै निकालिने सीमान्तीकृत वर्गको प्रतिनिधि पात्र हो । आफ्नो हेपाइविरुद्ध अलिकति प्रतिरोध गर्ने प्रयास गरे पनि उसको प्रतिरोध कतै प्रभाव पार्न नसक्ने खालको छ । यस कथामा सीमान्तीय पात्रका परिस्थितिलाई कतै समाख्याताको वर्णनद्वारा कतै पात्रको कथोपकथनद्वारा व्यक्त गरिएको छ । यस कथामा मालिक पात्र र धनीका छोराहरूले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् । उनीहरूले गरिबहरूलाई शोषण गरेको र आफ्नो स्वार्थ पूरा गरेको 'रिक्सा तान्ने' कथामा देखाइएको छ ।

## रिक्सा तान्ने कथाको आर्थिक संरचना

'रिक्सा तान्ने' कथामा छाप्रोमा बस्ने, साथमा कुनै सम्पत्ति नभएको, मागेर पेट पाल्नुपर्ने अवस्था भएको धनवीरलाई प्रमुख पात्रका रूपमा प्रस्तुत गरिएको छ । कथाको सुरुमा अघिल्लै दिनदेखि पेटमा अन्न पार्न नसकेको धनवीरको स्थितिबाट विपन्न आर्थिक अवस्थालाई देखाइएको छ । उसको मागेर पेट भर्नुपर्ने बाध्यता

छ । मागेर पेट भर्नुपर्ने र कुनै सम्पत्ति नभएका कारण उसले मन पराएकी धनमाया उसलाई वास्ता गर्दिन । बरु उसलाई चिढ्याउन अर्के केटासित नारिएर उसकै अगाडि आएकी छ । अर्को दिन धनवीरले माग्न जाँदा रिक्सा तान्ने काम पाए पनि दिनदिनै ज्वरो, खोकी र दमले थलिएका कारण राम्ररी काम गरी मालिकलाई खुसी पार्न सकेको छैन । यद्यपि बिरामी हुँदाहुँदै पनि इमानदारीपूर्वक कर्तव्यनिर्वाह गरिरहेको छ । कथामा उसको आर्थिक अवस्था आफ्नो उपचार आफैँ गर्न सक्ने खालको छैन र ऊ पेट पाल्नैका लागि दिनहुँ रिक्सा तान्नैपर्ने विवशतामा रहेको देखिन्छ । उसको मालिक ठुलो घर भएको र दिनहुँ रिक्सामा हिँड्ने, घरमा अन्य धेरै नोकरचाकर भएको मानिस हो तर उसले धनवीरको उपचार गरिदिनु त कता हो कता, अस्वस्थ अवस्थामा पनि कुनै सहानुभूति राखेको छैन । बरु धनवीरले काम गर्न नसकेको आरोपमा उसलाई कामबाट निकालिदिएको छ । यसपछि छ महिनासम्म रिक्सा तानेको धनवीर खोकी र दमले थलिएर आफ्नो भग्न छाप्रामा आएको छ । छाप्राका खाँबो र काम लाग्ने वस्तु अरूले लगिसकेकाले ऊ त्यस्तो छाप्रामा बस्न विवश भएको देखाइएको छ । अन्ततः धनवीर रोगले थलिएर रातभरि रगत छादेर मरेको छ । 'रिक्सा तान्ने' कथाका यी घटनाप्रसङ्गबाट कथामा धनी र गरिबबिचको विभेदयुक्त आर्थिक संरचना भएको पुष्टि हुन्छ । नेपालमा मात्र नभई संसारका सबैजसो वर्गीय असमानतायुक्त समाजको भित्री वा वास्तविक रूप यस कथामा देखाइएको छ । समाज र देशमा जेजस्ता नियमकानुन भए पनि धनवीरजस्ता गरिब मानिसको अवस्था संसारभरि यस्तै हुनेगरेको छ । पुँजीवादी अर्थतन्त्रमा धनीसित गरिबको मात्र नभई मानिस मानिसबिचको सम्बन्ध कामका लागि मात्रै हुने अवस्थालाई पनि यस कथाले राम्ररी उजागर गरेको छ ।

## रिक्सा तान्ने कथाको लैङ्गिक संरचना

'रिक्सा तान्ने' कथामा धनवीर, धनमाया, मगर, युवक र केही केटाहरू पुरुष पात्रका रूपमा प्रयुक्त छन् भने कथामा एक मात्र स्त्री पात्र धनमाया रहेकी छ । यसमा कुकुर मानवेतर पात्रका रूपमा प्रस्तुत भएको छ । धनवीरले मागेर ल्याएको खानासमेत बाँडी खान खोज्दा धनमायाले "अर्काको जूठो खान्नँ" (पृ. २०३) भनेर उसले धनवीरको चित्त दुखाएकी छ । धनवीरको नजिकैको छाप्रोमा बस्ने धनमाया पनि गरिब पात्र हो । "धेरै जनाको जूठो खाइसकेपछि जूठो खान्नँ भन्छे" भन्ने धनवीरको कथनबाट ऊ शरीर बेचेर पेट पाल्छे भन्ने सङ्केत मिल्छ । उसलाई धनवीर मगन्ते भएको मन परेको छैन साथै धनवीर बिरामी हुँदा र ऊसित केही खानेकुरा नहुँदासमेत कुनै सहयोग नगर्ने स्वार्थी मनोवृत्ति भएकी पात्रका रूपमा धनमाया प्रस्तुत भएकी छ । धनमाया आफ्नै छाप्रामा अर्को मगरसित हाँसेको, जिस्केको सुनेर धनवीर क्रोधित भएको छ । धनमाया मगरसित बाहिर निस्केका बेला धनवीरले मगरलाई कुटेको छ । यसबाट धनवीर जति गरिब भए पनि शरीर बेचेर खाएको मन नपराउने, आफूले चाहेको मानिस आफूसितै बसोस् भनेर सोच्ने खालको देखिन्छ । उसको सोचाइ नेपाली समाजअनुकूल देखापरेको छ । त्यसको बदलामा धनमाया र मगर दुवैले पनि धनवीरलाई कम्मर भाँचिने गरी पिटेका छन् । त्यसपछि धनवीर दुई दिनसम्म बाहिर निस्कन नसक्ने गरी बिरामी परेको छ । छ महिनासम्म एउटा धनी मानिसकहाँ रिक्सा चलाएर पैसा कमाएर फर्केको थाहा पाएपछि धनमायाले धनवीरलाई "तिमी किन यति दुब्ला ? काम्लो किन ओढेको ? ज्वरो आएको छ ? तिम्रो त हाडछाला मात्र बाँकी छ" (पृ. २०७) भनेर सहानुभूति प्रकट गरेकी छ । धनवीर बिरामी हुँदा पनि उसले कुनै हेरचाह गरेकी छैन । धनवीरले आफूले रिक्सा तानेर कमाएको बाह्र रुपियाँ पनि त्यही धनमायालाई सुम्पेको छ र आफ्नो छाप्रोमा गई मृत्युवरण गरेको छ । गरिब भए पनि प्रेमिकालाई खुसी पार्न चाहने मनोविज्ञान भएको धनवीर समाजका अन्य पुरुषजस्तै पात्र हो । कथामा अन्य पुरुष पात्रहरू प्रभुत्वशाली वर्गका छन् । ती सबै पात्रले धनवीरको सीमान्तीय अवस्थालाई उजागर

गरेका छन् । यसबाट 'रिक्सा तान्ने' कथामा सबल लैङ्गिक संरचना प्रस्तुत भएको देखिँदैन तापनि पैसा कमाउने प्रेमीलाई केही ख्याल गर्ने महिला, गरिबीका कारण जीवनोपार्जनकै लागि महिलाले शरीर बेच्नुपर्ने अवस्था भएको, आफूले मन पराएकी महिलालाई सक्दो खुसी राख्न चाहने पुरुष भएको समाजलाई यसमा उल्लेख गरिएको पाइन्छ । यस कथामा अतिविपन्न वर्गका महिलापुरुष भएको लैङ्गिक समाज पाइन्छ । यद्यपि, लैङ्गिक उत्पीडनका कारण व्यक्ति पीडित बन्नुपरेका साक्ष्यहरू कथामा परेका छैनन् ।

## रिक्सा तान्ने कथाको विश्वदृष्टिसित सामाजिक संरचनाको समानधर्मिता

'रिक्सा तान्ने' कथाको प्रस्तुत प्रमुख पात्र सीमान्तीकृत वर्गको छ । कोइरालाले यस कथामा वर्गीय विभेदयुक्त समाजको सामाजिक संरचना प्रस्तुत गरेका छन् । उनले यस कथामा सीमान्तकृतहरूको अवस्थालाई उजागर गरेका छन् । विभेदयुक्त सामाजिक संरचनामा प्रभुत्वशाली वर्गका मानिसले सीमान्तकृत वर्गका मानिसलाई गर्ने व्यवहारसित समानधर्मी वर्गीय संरचनाले यो कथा युक्त छ । कथामा उच्चवर्गका मानिसले निम्नवर्गीय मानिसलाई काम गर्ने कामदार या साधनका रूपमा मात्र लिएको अवस्था र निम्नवर्गीय मानिसको चरम गरिबी र उत्पीडनको अवस्थालाई कथ्यवस्तुका रूपमा चित्रण गरी उच्चवर्गीयले निम्नवर्गीयप्रति मानवीय व्यवहार गर्नुपर्ने विश्वदृष्टि व्यक्त गरेका छन् । कथामा उल्लेख गरिएको घटना वर्गीय विभेदयुक्त प्रत्येक समाजको सामाजिक संरचनाको समानधर्मी छ । समाजमा भएका उच्चवर्गीय मानिसले निम्नवर्गीय मानिसप्रति सद्भाव, सहानुभूति राख्नुपर्ने, काममा राखेका कामदारको ख्याल राख्नुपर्ने, बिरामी हुँदा स्वास्थ्योपचार गरिदिनुपर्ने विश्वदृष्टि यस कथामा प्रस्तुत भएको पाइन्छ । यसका लागि कथामा उच्चवर्गका मानिसमा मध्यमवर्गका मानिसका तुलनामा कम मानवता भएको देखाइएको छ । पाठमा शक्ति र ज्ञानको तहमा बसेका मालिक र ठिटाहरू जस्ता मानिसले गरिब र निर्धा मानिसलाई थोरै मूल्यमा आफ्नो श्रम बेच्ने, उनीहरूको चाकडी गर्ने र मनोरञ्जन दिने साधन र पशुसरह मान्छन् भन्ने देखाइएको छ । निम्नवर्गका मानिसले उच्चवर्गका मानिसको शोषण र उत्पीडनका विरुद्ध सशक्त वैचारिक र कार्यव्यापारगत प्रतिरोध नसक्ने अवस्थालाई पनि कथामा उजागर गरिएको छ । यी घटना वर्गीय विभेदयुक्त समाजका साझा घटना भएकाले त्यसमा बाहिरी समाजको समानधर्मिता देखिन्छ । यसबाट निम्नवर्गीय मानिसका लागि सरकार, बौद्धिक वर्ग र आम जनताले बोलिदिनुपर्छ साथै उनीहरूका लागि गाँस, बास, स्वास्थ्यलगायतका आधारभूत आवश्यकताको परिपूर्ति हुने व्यवस्था मिलाउनुपर्छ भन्ने विश्वदृष्टि प्रस्तुत गरिएको छ । मानिस गरिब र मगन्ते हुनाका कारण र विवशताबारे अन्य मानिसले बुझेर तीप्रति मानवतायुक्त व्यवहार देखाउनाले नै मानिस हुनुको अर्थ रहने विश्वदृष्टि पनि यसमा अभिव्यक्त भएको छ । लेखकले दयामाया र अपनत्व जस्ता मानवीय गुण उच्च वर्गका मानिससँग नभएको देखाई मानिस बन्न मानवीय गुण आवश्यक रहेको विश्वदृष्टि पनि अभिव्यक्त गरेका छन् ।

'रिक्सा तान्ने' कथामा प्रस्तुत वर्गीय संरचनाले धनी र गरिबका बिचमा ठुलो असमानता रहेको आर्थिक संरचनायुक्त समाजलाई पनि देखाएको छ । कथामा जीवन धान्नकै लागि धनवीरको छाप्रोनजिकै अर्को छाप्रोमा बस्ने धनमाया पनि अरूको जुठो खान बाध्य हुनुपरेको घटना प्रस्तुत गरिएको छ । यसमा कमाउन नसक्ने भएकाले धनवीरले माया गर्दागर्दै पनि धनमायाले उसलाई हेला गरेको, मागेर ल्याएकाले घृणा गरेको, रिक्सा चलाएर कमाएपछि माया देखाएको घटनाबाट धन हुनेलाई मायाप्रेम पनि प्राप्त हुन्छ भन्ने देखाइएको छ । कहिलेकाहीँ परिस्थितिगत रूपमा उसको आत्माभिमानलाई चोट पुऱ्याउने भनाइ र क्रियाकलाप आएका बेला धनवीरले केही शारीरिक प्रतिरोध गरेको भए पनि उसले गरेका प्रतिरोधी क्रियाकलापले पनि उसको स्थितिमा

कुनै सुधार नल्याएको, उसको प्रतिरोधले कुनै महत्त्व नपाएको घटनाबाट सबल आर्थिक हैसियत नभएका मानिसले आफूलाई हेपे पनि सहेर बस्न बाध्य हुनुपर्ने र तिनका प्रतिरोधले अवस्था सुधार नगरी उल्टै समस्यामा पार्ने अवस्थालाई देखाइएको छ । यी कथाका घटनासन्दर्भ पनि आर्थिक असमानतायुक्त समाजका सार्वजनिन समस्या भएकाले यस कथाको आर्थिक संरचनामा पनि बाहिरी समाजको समानधर्मिता रहेको छ । यसबाट लेखकले धनी र गरिबबिचको ठुलो असमानता कम गर्न सरकार र सचेत समुदायले आवश्यक भूमिका खेल्नुपर्ने विश्वदृष्टि प्रस्तुत गरेका छन् ।

'रिक्सा तान्ने' कथामा प्रस्तुत लैङ्गिक संरचना वर्गीय र आर्थिक संरचनाका तुलनामा निकै कमजोर देखिन्छ । स्त्री पात्र धनमायाले गरिब भएकै कारण धनवीरलाई हेला गरेकी छ । उसले मागेर ल्याएको पनि मन पराएकी छैन । परिश्रम गरेर ल्याएकामा खुसी हुने उसले धनवीरलाई चिढ्याउन मगरसित सम्बन्ध राखेको र रिक्सा तानेर कमाएको थाहा पाएपछि माया गरेझैँ गरेको सन्दर्भबाट आम नारीजस्तै ऊ पनि आर्थिक रूपमा सबल मानिससित सम्बन्ध राखेर सुखी हुन चाहेको देखाइएको छ । यसबाट आर्थिक असमानताले महिलालाई भन्दा पनि पुरुषलाई बढी विवश बनाउँछ भन्ने देखाइएको छ । यस्तो अवस्था निम्नवर्गीय आर्थिक अवस्था भएका सबै समाजमा देखिने भएकाले यस कथाको लैङ्गिक संरचना पनि समानधर्मी देखिएको छ । यसबाट नारी, पुरुष र अन्य जुनसुकै लैङ्गिक समुदायका मानिसलाई पनि गरिबीले विवश बनाउने भएकाले वर्गीय असमानतालाई अन्त्य गर्नु लैङ्गिक समानताका लागि पनि अपरिहार्य छ भन्ने विश्वदृष्टि प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

'रिक्सा तान्ने' कथामा वर्गीय असमानतायुक्त सामाजिक संरचनाको प्रस्तुति छ । यसको मूल पात्र धनवीर सीमान्तीकृत वर्गको पात्र हो भने मालिक र केही ठिटाहरू पात्र उच्चवर्गका हुन् । वर्गीय असमानतायुक्त सामाजिक संरचना भएकै कारण धनवीर सीमान्तीकृत भएको देखाइएको छ । कथामा उच्च वर्गका पात्रको प्रभुत्वलाई देखाइएको छ । उनीहरूले सीमान्तीकृतहरूप्रति कठोर भाव राखी श्रमशोषण गर्ने, बिरामी परेर काम गर्न नसक्दा उपचार गरिदिनुको सट्टा गाली गर्ने र कामबाट निकालिदिने गर्छन् भन्ने प्रस्तुत गरिएको छ । निम्नवर्गीय सीमान्तीकृतहरूले उनीहरूका लागि मनोरञ्जनको साधन बनिदिनुपर्ने, मन नपरे पनि उच्चवर्गीयका क्रियाकलाप सहेर बस्नुपर्ने स्थितिमा रहेको कुरा पनि कथामा देखाइएको छ । कथामा सीमान्तीकृतहरू आफ्नो जीवनभन्दा पशुको जीवन बढी उत्तम छ भनी सोच्नुपर्ने अवस्थामा पुगेको सन्दर्भ पनि उल्लिखित छ । भोकभोकै सुत्ने, मागेर जीवनयापन गर्ने, रोगी, काम्लो ओढेर टाटी र खाँबाबाट बनेको छाप्रामा सुत्ने, आफ्नो शरीरले भ्याएसम्म श्रम गर्दा पनि पेटभरि खान र बिरामी हुँदा उपचार नपाउने गरी अति विपन्न अवस्थाको उसलाई उच्चवर्गका मानिसले श्रम गर्ने र मनोरञ्जन दिने साधनका रूपमा प्रयोग गरेका छन् अनि मरणासन्न बिरामी अवस्थामा पुगेपछि कामबाटै निकालिदिएका छन् । यसरी हेर्दा 'रिक्सा तान्ने' कथामा प्रयुक्त वर्गीय र आर्थिक संरचनामा निम्न र उच्चवर्गबिच ठुलो असमानता पाइन्छ । यस्ता असमानता संसारका विकसित र अल्पविकसित सबै देश र समाजमा रहेकाले कथामा प्रस्तुत वर्गीय र आर्थिक संरचना बाहिरी समाजको संरचनासित समानधर्मी छ । कथामा आर्थिक असमानताले महिलालाई भन्दा पनि पुरुषलाई बढी विवश बनाएको देखाई समाजमा वर्गीय असमानता हुँदा लैङ्गिक असमानता पनि जन्मिन्छ भन्ने देखाइएको छ । लैङ्गिक संरचना सबल रूपमा प्रस्तुत नभए पनि कथाका लैङ्गिक सन्दर्भ पनि बाहिरी समाजको समानधर्मी छन् ।

विवेचित कथामा उच्चवर्गीयले निम्नवर्गीयप्रति भेदभावरहित व्यवहार गर्नुपर्ने, तिनका हक र अधिकारप्रति प्रत्येक मानिस सचेत भई तिनका पक्षमा सरकार, बौद्धिकवर्ग र आम जनताले बोलिदिनुपर्ने, उनीहरूका लागि गाँस, बास, स्वास्थ्यलगायतका आधारभूत आवश्यकताको परिपूर्ति हुने व्यवस्था मिलाइदिनुपर्ने, दया, प्रेम, सहानुभूति र भेदभावरहित व्यवहारले मानिसलाई उच्च बनाउँछ भन्ने र गरिबीले महिलालाई भन्दा पुरुषलाई बढी विवश बनाउने हुँदा लैङ्गिक समानताका लागि वर्गीय असमानता कम गर्नुपर्ने विश्वदृष्टि प्रस्तुत भएका छन् । यी विश्वदृष्टि वर्गीय असमानतायुक्त समाजमा हरेक युगमा देखापर्ने भएकाले यस कथामा प्रस्तुत सामाजिक संरचना बाहिरी वर्गविभेदयुक्त समाजको समानधर्मी छ । विषयको सार्वजनीनताका कारण यसमा प्रस्तुत विश्वदृष्टि सार्वकालिक प्रकृतिका छन् साथै युगसापेक्ष सान्दर्भिक पनि छन् ।

## सन्दर्भसामग्री सूची


कोइराला, विश्वेश्वरप्रसाद (२०५७). रिक्सा तान्ने. हरिप्रसाद शर्मा (सम्पा.), *विश्वेश्वरप्रसाद कोइरालाका कथा* ( दो.संस्क., पृ. २०२-२०८). काठमाडौँ : साझा प्रकाशन ।

खनाल, शारदा (२०८२). *विश्वेश्वरप्रसाद कोइरालाका कथामा विश्वदृष्टि* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २०१६). *साहित्य और समाजशास्त्रीय दृष्टि.* हरियाणा : आधार प्रकाशन ।

सुवेदी, अभि (२०६८). सबाल्टर्न, इतिहास र बोली. तारालाल श्रेष्ठ (ले.), *शक्ति, स्रष्टा र सबाल्टर्न* (पृ. XVII – XXIV). काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

भुसाल, राजु (२०७६). माछो माछो भ्यागुतो कथाको समाजशास्त्रीय विश्लेषण. *प्रज्ञा,* (२), पूर्णाङ्क ११८. ११९ - १२६ ।

Goldmann, Lucien (1975). *Towards a Sociology of the Novel.* London and New York : Tavistock Publications